# लोक सेवा आयोग
# केन्द्रीय कार्यालय, अनामनगर
## (सूचना तथा प्रकाशन शाखा)

**सूचना नं. ३५६/०७४-७५**

## उम्मेदवारले शैक्षिक योग्यता लगायतका कागजातहरुको रुजू सम्बन्धी सूचना

आयोगको मिति २०७४/७/२९ गते प्रकाशित विज्ञापन सूचनामा नेपाल इञ्जिनियरिङ सेवा, सर्भे समूहका पदहरु र नेपाल स्वास्थ्य सेवा तर्फका आठौं र सातौं तहका पदहरुमा अनलाइन मार्फत् दरखास्त फाराम बुझाउने उम्मेदवारहरुले दरखास्त फाराम बुझाउने क्रममा उल्लेख गरेका विवरणहरुको सक्कलै कागजात (नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताका लब्धाङ्कपत्र, चारित्रिक प्रमाणपत्र, समावेशी विवरण खुल्ने कागजात, स्तरवृद्धि भएको भए सो सम्बन्धी कागजात, समकक्षता/सम्बद्धता निर्धारण गरेका कागजात, सम्बन्धित व्यवसायिक परिषद्मा दर्ता/नवीकरण भएका कागजात) हरुको सक्कल सहित नक्कल १/१ प्रति साथमा ल्याई परीक्षा हुने मितिभन्दा कम्तीमा १५ दिन अगाडिसम्म दरखास्त व्यवस्थापन केन्द्र अनामनगरमा मात्र रुजू गराउनु पर्ने उल्लेख भएकोमा आयोगको दरखास्त व्यवस्थापन केन्द्र अनामनगरका साथै क्षेत्रीय निर्देशनालयहरु तथा अञ्चल कार्यालयहरुबाट समेत रुजू गराउन सकिनेछ र यसरी कागजात रुजू भएपछि सम्बन्धित पदका लागि योग्य ठहरिएका उम्मेदवारहरुलाई मात्र लिखित परीक्षामा सहभागी गराइने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**<u>आयोगका क्षेत्रीय निर्देशनालय र अञ्चल कार्यालयहरुले दरखास्त रुजू गर्दा ध्यान दिनुपर्ने कुराहरु :</u>**

१. आयोगका क्षेत्रीय निर्देशनालय तथा अञ्चल कार्यालयहरुले विज्ञापन सूचनामा उल्लेख भएका आवश्यक विवरणहरुको नक्कल प्रति सक्कल कागजातहरुसँग भिडाई संलग्न ढाँचामा विज्ञापन नम्बर अनुसार छुट्टाछुट्टै विवरण बनाई दर्ता गर्ने।

२. कागजातहरु रुजू गर्दा उम्मेदवारहरुले पेश गरेका कागजपत्रहरु दरखास्त फाराम बुझाउने अन्तिम मितिभित्र जारी भएको छ/छैन यकिन गर्नुपर्ने।

३. रुजू भएका उम्मेदवारहरुको विवरण इमेल वा फ्याक्स मार्फत् साप्ताहिक रुपमा दरखास्त व्यवस्थापन केन्द्रमा उपलब्ध गराउने र प्रत्येक विज्ञापनको लिखित परीक्षाको मितिभन्दा कम्तीमा १५ दिन अघिसम्म रुजू गरी त्यसको भोलिपल्ट उक्त विज्ञापन नम्बरको अन्तिम विवरण अनिवार्य रुपमा दरखास्त व्यवस्थापन केन्द्रमा उपलब्ध गराउनु पर्ने।

४. लिखित परीक्षाको नतिजा प्रकाशित भएपछि उत्तीर्ण हुने उम्मेदवारहरुको रुजू गरिएको प्रमाणपत्र संलग्न भएको फाईल सम्बन्धित कार्यालयहरुले दरखास्त व्यवस्थापन केन्द्रमा उपलब्ध गराउनु पर्ने।